# देवकोटा सन्देश

**महाकवि देवकोटा क्याम्पस**, सुनवल, नवलपरासी

A QAA Accredited institution by UGC, Nepal

## अर्धवार्षिक बुलेटिन

वर्ष ९ | अंक १५
साउन, २०७९

**संरक्षक**
कृष्णप्रसाद लामिछाने
(अध्यक्ष क्याम्पस सञ्चालक समिति)

**सल्लाहकार**
मा. सांसद देवेन्द्रराज कंडेल
मा. विधायक बैजनाथ चौधरी
नगरप्रमुख, विमला अर्याल
विष्णुप्रसाद पौडेल
अर्जुनकुमार पोखरेल
उमानाथ पोखरेल
बोधराज घिमिरे

**क्याम्पसप्रमुख**
नारायण प्रसाद ढकाल

**सम्पादक**
हरिदत्त शर्मा

**सह-सम्पादक**
प्रकाश जि.सी.

**प्रकाशक**
**महाकवि देवकोटा क्याम्पस**
सुनवल-४, नवलपरासी
फोन: ०७८-५७००४९, ९८५७०४६०४९

**पत्राचार ठेगाना**
**महाकवि देवकोटा क्याम्पस**
सुनवल-४, नवलपरासी
फोन: ०७८-५७००४९
Email: mdcampus60@gmail .com
info@mdc .edu .np
website:www .mdc .edu .np

**मुद्रण/ले-आउट**
**पर्फेक्ट प्रिन्ट**
बुटवल, रुपन्देही
मो. ९८४७१३७००१५
Perfectprintlink@gmail.com




## भित्रि पृष्ठमा

### शैक्षिक सामग्री वितरण कार्यक्रम




### स्वागत कार्यक्रम



### सरसफाइ कार्यक्रम सम्पन्न




### एकदिने कार्यशाला गोष्ठि सम्पन्न



### जनचेतना कार्यक्रम सम्पन्न



### Induction Programme



### बिदाइ तथा शुभकामना कार्यक्रम सम्पन्न



### रोपाइँ विशेष कार्यक्रम सम्पन्न



# शैक्षिक सामग्री वितरण कार्यक्रम




महाकवि देवकोटा क्याम्पस अन्तर्गतको अतिरिक्त क्रियाकलाप शाखाको आयोजनामा मिति २०७८/११/१३ गतेका दिन सुनवल नगरपालिका वडा नं.४ को दुर्गम स्थानमा अवस्थित श्री महलपोखरी प्राथमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरियो । महाकवि देवकोटा क्याम्पस सामुदायिक क्याम्पस भएको र समुदायप्रति क्याम्पसको सामाजिक उत्तरदायित्व पूरा गर्ने उद्धेश्यले शैक्षिक सामग्री वितरण गरिएको थियो ।

अतिरिक्त क्रियाकलाप शाखाका संयोजक सुलोचना अर्यालको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा बालविकासदेखि कक्षा दुईसम्म अध्ययन गर्ने १३ जना विद्यार्थीहरुलाई स्कुल ब्याग र कापी वितरण गरिएको थियो । उक्त अवसरमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आइतविर सिङ्जाली, विद्यालयका प्रधानाध्यापक यानीसरा ढेंगा महाकवि देवकोटा क्याम्पस SQC संयोजक ज्ञानप्रसाद न्यौपाने, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र विद्यार्थीहरु गरी ३५ जनाको सहभागिता रहेको थियो । शैक्षिक सामग्री वितरण कार्यक्रममा संयोजक सुलोचना अर्यालले क्याम्पसले सामाजिक उत्तरदायित्व पूरा गर्न वृद्धवृद्धालाई कपडा वितरण, बालबालिकाहरुलाई शैक्षिक सामग्री वितरण,अशक्त अपाङ्गहरुलाई राहत वितरण स्वस्थ्य शिविर, रक्तदान, जस्ता कार्यक्रमहरु गर्दै आइरहेको र आगामी दिनमा पनि यस्ता कार्यक्रमहरु गर्दै जाने विचार व्यक्त गर्नुभयो । सोही कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सिङ्जालीले सुगम जिल्लामा भएर पनि दुर्गम स्थानमा रहेको र धेरैले वास्ता नगरेको यो विद्यायलमा आएर क्याम्पसले यस्तो सराहनीय कार्य गरेकोमा विद्यालय व्यवस्थापन समितिको तर्फबाट क्याम्पसलाई धन्यवाद दिनुभयो ।

## सरसफाइ कार्यक्रम सम्पन्न




महाकवि देवकोटा क्याम्पस अन्तर्गतको अतिरिक्त क्रियाकलाप शाखाको आयोजनामा मिति २०७८/११/१३ गतेका दिन सुनवल नगरपालिका वडा नं.४ को दुर्गम स्थानमा अवस्थित श्री महलपोखरी प्राथमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरियो । महाकवि देवकोटा क्याम्पस सामुदायिक क्याम्पस भएको र समुदायप्रति क्याम्पसको सामाजिक उत्तरदायित्व पूरा गर्ने उद्धेश्यले शैक्षिक सामग्री वितरण गरिएको थियो । अतिरिक्त क्रियाकलाप शाखाका संयोजक सुलोचना अर्यालको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा बालविकासदेखि कक्षा दुईसम्म अध्ययन गर्ने १३ जना विद्यार्थीहरुलाई स्कुल ब्याग र कापी वितरण गरिएको थियो । उक्त अवसरमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आइतविर सिङ्जाली, विद्यालयका प्रधानाध्यापक यानीसरा ढेंगा महाकवि देवकोटा क्याम्पस SQC संयोजक ज्ञानप्रसाद न्यौपाने, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र विद्यार्थीहरु गरी ३५ जनाको सहभागिता रहेको थियो । शैक्षिक सामग्री वितरण कार्यक्रममा संयोजक सुलोचना अर्यालले क्याम्पसले सामाजिक उत्तरदायित्व पूरा गर्न वृद्धवृद्धालाई कपडा वितरण, बालबालिकाहरुलाई शैक्षिक सामग्री वितरण, अशक्त अपाङ्गहरुलाई राहत वितरण स्वस्थ्य शिविर, रक्तदान, जस्ता कार्यक्रमहरु गर्दै आइरहेको र आगामी दिनमा पनि यस्ता कार्यक्रमहरु गर्दै जाने विचार व्यक्त गर्नुभयो । सोही कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सिङ्जालीले सुगम जिल्लामा भएर पनि दुर्गम स्थानमा रहेको र धेरैले वास्ता नगरेको यो विद्यायलमा आएर क्याम्पसले यस्तो सराहनीय कार्य गरेकोमा विद्यालय व्यवस्थापन समितिको तर्फबाट क्याम्पसलाई धन्यवाद दिनुभयो ।

## जनचेतना कार्यक्रम सम्पन्न




मिति २०७८/१२/०८ गतेका दिन नेपाल रेडक्रस सोसाइटी सुनवल उपशाखाको सभाहलमा रोटरी क्लब अफ बुटवल डाउन टाउनको आयोजना र महाकवि देवकोटा क्याम्पसको सहयोगमा महिला रोग तथा मृगौला समस्या न्यूनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ । रोटरी क्लब अफ बुटवल डाउन टाउनका अध्यक्ष जवीन कक्षपतीको अध्यक्षता, महाकवि देवकोटा क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी सुनवल शाखाका अध्यक्ष गोपाल शर्मा विशिष्ट अतिथि रहनु भएको थियो ।

*बाँकी पृष्ठ ५ मा*



# बिदाइ तथा शुभकामना कार्यक्रम सम्पन्न

मिति २०७८/१२/२५ गते शुक्रबारका दिन महाकवि देवकोटा क्याम्पसको आयोजनामा यसै क्याम्पसको सभाहलमा स्नातक तह चौथो वर्षको अन्तिम परीक्षा दिएर बस्नुभएका विद्यार्थीहरुलाई लक्षित गरी बिदाइ तथा शुभकामना कार्यक्रम सम्पन्न भएको छ।

महाकवि देवकोटा क्याम्पसका क्याम्पसप्रमुख नारायणप्रसाद ढकालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा महाकवि देवकोटा क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछाने प्रमुख अतिथि रहनु भएको थियो । सो कार्यक्रममा महाकवि देवकोटा क्याम्पसका सहायक क्याम्पसप्रमुख प्रकाश जि.सी., व्यवस्थापन संकाय प्रमुख भिमलाल ढकाल, शिक्षा तथा मानविकी संकाय प्रमुख बबिन शर्मा सापकोटा, महाकवि देवकोटा क्याम्पसका शिक्षक, कर्मचारी साथै यसै क्याम्पसको स्नातक तह व्यवस्थापन संकाय र शिक्षाशास्त्र संकायको चौथो वर्षको अध्ययन पूरा गरेर जान लागुभएका सम्पूर्ण विद्यार्थीहरु गरी ८० बढीको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा आफ्नो अनुभव मन्तव्य व्यक्त गर्दै स्नातक तह शिक्षाशास्त्र संकाय चौथो वर्षकी छात्रा चुना पाण्डेले महाकवि देवकोटा क्याम्पस सामुदायिक क्याम्पस भएर पनि यहाँको शिक्षण क्रियाकलाप साँच्चै नै अतुलनीय छ भन्दै क्याम्पसबाट प्राप्त गरेको शिक्षालाई जीवनमा उपयोग गर्दै क्याम्पसको र यस क्याम्पसमा प्राध्यापनरत सम्पूर्ण शिक्षक शिक्षिका ज्यूहरुको नाम सदैव स्मरणयोग्य बनाउने भन्दै आफूहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्नुहुने सम्पूर्णलाई धन्यवाद व्यक्त गरिन् । अनुभव मन्तव्यकै क्रममा व्यवस्थापन संकाय स्नातक तहको चौथो वर्षकी छात्रा गीता पाण्डेले आफूले सामुदायिक, सरकारी र निजी सबै किसिमका संस्थाहरुमा अध्ययन गरिसकेको तर देवकोटा क्याम्पस जस्तो संस्था नभेटेको भन्दै यहाँको शैक्षिक वातावरण निकै उत्कृष्ट रहेको विचार व्यक्त गरिन्।

बिदाइ तथा शुभकामना मन्तव्यका क्रममा शिक्षा तथा मानविकी संकाय प्रमुख बबिन शर्मा सापकोटाले शिक्षकहरुले देखाएको बाटो अनुसरण गरेर राम्रो नतिजा ल्याएर आफ्नो परिवारको साथै यस क्याम्पसको गरिमा बढाउनु पर्ने विचार व्यक्तगर्नुभयो। शुभकामना मन्तव्यकै क्रममा व्यवस्थापन संकाय प्रमुख भिमलाल ढकालले हाम्रा विद्यार्थीहरु यो क्षेत्रकै अब्बल विद्यार्थीका रुपमा परिचित हुनुपर्ने विचार व्यक्त गर्नु भयो। शुभकामना मन्तव्यकै क्रममा प्रमुख अतिथि महाकवि देवकोटा क्याम्पस संचालक समितिका अध्यक्ष लामिछानेले विद्यार्थी र शिक्षकहरुको मेहनतकै कारणले यो क्याम्पसले दिनानुदिन प्रगति गर्दै गइरहेकोमा सम्बद्ध सम्पूर्णलाई धन्यवाद दिनुभयो साथै उहाँले यस क्याम्पसका शिक्षक , विद्यार्थी, संचालक, सल्लाहकार साथै सम्बद्ध सबैको साथ र सहयोगकै कारणले क्याम्पसले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA), MBS, BBA, BICTE जस्ता कार्यक्रमको प्राप्त गर्न सफल भएको विचार व्यक्त गर्नुभयो । उक्त अवसरमा चौथो वर्षका सम्पूर्ण विद्यार्थीहरुलाई प्रमुख अतिथिद्वारा मायाको चिनो स्वरुप कलम, डायरी,पुष्प गुच्छा प्रदान गर्नुभएको थियो भने सभाध्यक्षद्वारा टीका प्रदान गरिएको थियो। समापन मन्तव्यको क्रममा सभाध्यक्ष क्याम्पसप्रमुख ढकालले उपस्थित सम्पूर्ण महानुभावलाई धन्यवाद दिँदै क्याम्पसले गरेको प्रगतिमा सबैको साथ र सहयोग रहेकै कारणले क्याम्पसले चौतर्फी विकास गरेको विचार व्यक्त गर्नुभयो। उक्त कार्यक्रममा शिक्षक हरिप्रसाद बस्यालको संचालन र शिक्षिका सुलोचना अर्यालको स्वागत मन्तव्य रहेको थियो।

# महायज्ञमा सहभागी



स्थानीय समुदायको सक्रियतामा स्थापना भएको महाकवि देवकोटा क्याम्पस गैरनाफामूलक सामुदायिक शैक्षिक संस्था भएको हुनाले समाजप्रति यस क्याम्पसको योगदान रहने कुरामा कुनै दुई मत नै छैन । यस क्याम्पसले समाजको शैक्षिक साथै चौतर्फी विकासमा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ । समाजप्रतिको आफ्नो जिम्मेवारी पूरा गर्न क्याम्पसले यहाँ अध्ययन गर्ने विद्यार्थीहरुलाई विभिन्न सामाजिक तथा धार्मिक कार्यहरुमा सहभागी गराउँदै आएको छ ।

यस क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरुलाई आफ्नो धर्म तथा संस्कृतिप्रति जानकारी गराउन साथै सेवाको भावना विकसित गराउने उद्धेश्यले मिति २०७८/१२/२४ गतेका दिन यसै क्याम्पस अन्तर्गतको अतिरिक्त क्रियाकलाप शाखाको आयोजनामा सुनवल नगरपालिका वडा नं.१ मा संचालित नव चण्डी महायज्ञमा सहभागी गराइयो ।

उक्त समयमा क्याम्पस प्रमुख नारायणप्रसाद ढकाल, व्यवस्थापन संकाय प्रमुख भिमलाल ढकाल, शिक्षिका सुलोचना अर्याल साथै विद्यार्थी गरी जम्मा ७० जनाको सहभागिता रहेको थियो । सो अवसरमा धार्मिक गुरुहरुको प्रवचनमा विद्यार्थीहरुलाई सहभागी गराइएको थियो ।

# सरसफाइ कार्यक्रम सम्पन्न

महाकवि देवकोटा क्याम्पस समुदायिक स्तरमा संचालित गैरनाफामूलक सामुदायिक संस्था हो । सामुदायिक संस्था भएकै कारणले गर्दा क्याम्पसले समाजप्रतिको उत्तरदायित्व निर्वाह गर्दै आएको छ। क्याम्पसले विभिन्न समयमा सामाजिक उत्तरदायित्व बहन गर्ने किसिमका कार्यहरु निरन्तर रुपमा गरिरहेको छ। आफ्नो समाजप्रतिको उत्तरदायित्व बहन गर्ने क्रममा मिति २०७९/०१/११ गतेका दिन महाकवि देवकोटा क्याम्पस अन्तर्गतको अतिरिक्त क्रियाकलाप शाखाको आयोजनामा शिक्षाशास्त्र संकाय स्नातक तह दोस्रो वर्षका विद्यार्थीहरुको सहभागितामा सुनवल नगरपालिका वडा नं. ४ रमवापुरमा अवस्थित श्री कृष्णधामको बृहत् सरसफाइ कार्य सम्पन्न भएको छ । सो कार्यक्रम अतिरिक्त क्रियाकलाप शाखाका संयोजक सुलोचना अर्यालको संयोजकत्वमा शिक्षक हरिदत्त शर्माको सहयोगमा सम्पन्न भएको थियो । कार्यक्रममा ४० जनाको सहभागिता रहेको थियो।

# स्वागत कार्यक्रम



महाकवि देवकोटा क्याम्पसको आयोजनामा यसै क्याम्पसको सभाहलमा मिति २०७९/०१/१५ गतेका दिन स्नातक तहको प्रथम वर्षमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई स्वागत गर्दै उनीहरुको उज्वल भविष्यको कामना गर्ने उद्धेश्यले स्वागत कार्यक्रम सम्पन्न भएको छ।

महाकवि देवकोटा क्याम्पसका क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको अध्यक्षता साथै यसै क्याम्पसका संचालक समितिका अध्यक्ष कृष्ण प्रसाद लामिछानेको प्रमुख आतिथ्यता रहेको उक्त कार्यक्रममा सहायक क्याम्पस प्रमुख प्रकाश जि.सी., व्यवस्थापन संकाय प्रमुख भिमलाल ढकाल, शिक्षा तथा मानविकी संकाय प्रमुख बबिन शर्मा सापकोटा, क्याम्पसका शिक्षक तथा कर्मचारी तथा प्रथम वर्षमा अध्ययनरत विद्यार्थी लगायत करिव ३०० बढीको सहभागिता रहेको थियो। कार्यक्रममा उपस्थित विद्यार्थीहरुलाई प्रमुख अतिथिद्वारा पुष्पगुच्छा र सभाध्यक्षद्वारा टीका प्रदान गरी स्वागत गरिएको थियो । सो कार्यक्रममा प्रथम वर्षमा अध्ययन गर्ने विद्यार्थीहरुद्वारा विभिन्न सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो।

स्वागत तथा शुभकामना मन्तव्यका क्रममा प्रमुख अतिथि लामिछानेले महाकवि देवकोटा क्याम्पस सामुदायिक स्तरमा संचालित गैरनाफमूलक क्याम्पस भएको उल्लेख गर्दै हाल क्याम्पसमा MBS, BBA, BICTE जस्ता निकै आकर्षक कार्यक्रमहरु संचालित छन् भन्दै धैरै क्याम्पसहरु हुँदा हुँदै पनि देवकोटा क्याम्पसलाई आफ्नो रोजाइमा पारेर यहाँको शैक्षिक गुणस्तरलाई विश्वास गरेर क्याम्पसमा भर्ना भएकोमा सम्पूर्ण विद्यार्थीहरुलाई धन्यवाद दिँदै शैक्षिक सफलताको कामना गर्नुभयो । महाकवि देवकोटा क्याम्पस QAA प्रमाणपत्र प्राप्त सामुदायिक क्याम्पस भएको हुनाले ढुक्क भएर क्याम्पसमा अध्ययन गर्न सबैलाई अग्रह गर्नुभयो। समापन मन्तव्यका क्रममा सभाध्यक्ष ढकालले क्याम्पसमा भर्ना भएका सम्पूर्ण विद्यार्थीहरुलाई स्वागत गर्दै उत्कृष्ट नतिजा प्राप्त गर्ने कार्यमा सम्पूर्ण विद्यार्थी जुट्नु पर्ने विचार व्यक्त गर्दै उत्कृष्ट नतिजा प्राप्त गर्ने कार्यमा क्याम्पसको तर्फबाट कुनै पनि कसर बाँकी नराख्ने विचार व्यक्त गर्नुभयो। उक्त कार्यक्रमको संचालन शिक्षक हरिदत्त शर्माले गर्नु भएको थियो।

# एकदिने कार्यशाला गोष्ठि सम्पन्न



मिति २०७९/०४/११ गतेका दिन महाकवि देवकोटा क्याम्पस व्यवस्थापन संकाय स्नातक तह BBA तेस्रो सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरुका लागि Case Analysis सम्बन्धमा एकदिने कार्यशाला गोष्ठि सम्पन्न भएको छ।

महाकवि देवकोटा क्याम्पसका क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको प्रमुख आतिथ्यता साथै लुम्बिनी वाणिज्य क्याम्पस बुटवलका उप-प्राध्यापक सुपुष्प भट्टराई र राजेश शाही द्वोयको प्रशिक्षकत्वमा सम्पन्न भएको उक्त कार्यशालामा उप प्राध्यापक पिताम्बर सापकोटाले सहजिकरण गर्नुभएको थियो । सो गोष्ठिमा Case Analysis गर्ने तरिकाको बारेमा स्पष्ट पारिएको थियो । गोष्ठि संचालनका क्रममा प्रशिक्षकद्वयद्वारा विद्यार्थीहरुलाई विभिन्न विषयमा Case दिएर Analysis गर्न लगाइएको थियो।




# Induction Programme

महाकवि देवकोटा क्याम्पसको आयोजनामा मिति २०७९/०२/१९ गते बिहीबारका दिन BBA र BICTE प्रथम सेमेष्टरमा अध्ययन गर्ने विद्यार्थीहरुमा पढाइप्रति उत्प्रेरणा जागृत गर्ने उद्धेश्यले संचालन गरिएको Induction Programme सम्पन्न भएको छ।

महाकवि देवकोटा क्याम्पस संचालक समितिका अध्यक्ष कृष्ण प्रसाद लामिछानेको अध्यक्षता, त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका डीन प्रा.डा. डिल्लीराज शर्माको प्रमुख आतिथ्यता, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायका डीन प्रा.डा. चित्रबहादुर बुढाथोकीको विशिष्ट आतिथ्यता साथै त्रिभुवन विश्वविद्यालयका व्यवस्थापन संकायका सहायक डीन डा.दिनेशमणी घिमिरेको विशिष्ट आतिथ्यता रहेको उक्त कार्यक्रममा सुनवल नगरपालिकाका नवनिर्वाचित नगरप्रमुख विमला अर्याल विशिष्ट अतिथि रहनु भएको सो कार्यक्रममा क्याम्पस संचालक समितिका संस्थापक अध्यक्ष एवं क्याम्पस संरक्षक थानप्रसाद गैरे, निवर्तमान अध्यक्ष विष्णुप्रसाद पौडेल, क्याम्पस संचालक समितिका सदस्य गोपाल प्रसाद शर्मा, निवर्तमान क्याम्पस प्रमुख अनिलकुमार बस्नेत, क्याम्पस प्रमुख नारायणप्रसाद ढकाल SQC संयोजक ज्ञानप्रसाद न्यौपाने, सहसंयोजक अनिष पाण्डे BBA र BICTE मा अध्यापन गर्ने शिक्षक शिक्षिका, अभिभावक, कर्मचारी साथै अध्ययनरत विद्यार्थी लगायत १५० बढीको उपस्थिति रहेको थियो । सो अवसरमा सुनवल नगरपालिकाका नवनिर्वाचित नगरप्रमुख विमला अर्यालले QAA प्रमाणपत्र प्राप्त गरेसंगै क्याम्पसले भौतिक र शैक्षिक दुवै क्षेत्रमा उल्लेख्य सुधार गर्दै आएको प्रष्ट देखिन्छ। हाल क्याम्पसमा BBA, MBS, BICTE जस्ता सेमेष्टरका कक्षाहरु संचालन भएका छन् । अबको समयमा प्राविधिक शिक्षा लिनको लागि सुनवल बाहिर जानुपर्ने अवस्थामा कमी आएको भन्दै क्याम्पसलाई आवश्यक पर्ने जस्तोसुकै सहयोग गर्न नगरपालिका तयार रहेको विचार व्यक्त गर्नु भयो।

कार्यक्रमका विशेष अतिथि त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका सहायक डीन डा. घिमिरेले सेमेष्टरको पाठ्यक्रमलाई बढी व्यवहारिक र प्रयोगात्मक बनाइएको हुनाले विद्यार्थीहरु त्यसतर्फ सचेत हुनु पर्ने भन्दै महाकवि देवकोटा क्याम्पस जस्तो हरेक दृष्टिले राम्रो क्याम्पसमा पढ्न आएकोमा सम्पूर्ण विद्यार्थीहरुलाई धन्यवाद दिनुभयो। कार्यक्रमका अर्का विशिष्ट अतिथि त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायका डीन प्रा.डा. चित्रबहादुर बुढाथोकीले BICTE विषय वर्तमान समयको निकै आकर्षक साथै अति आवश्यक विषय भएको र यो विषय अन्य IT विषय जस्तै BCA, BSCCSIT, BE Computer, BIM को समकक्षी विषय भएको हुनाले अन्य IT विषय पढ्ने विद्यार्थीहरुले पाउने सम्पूर्ण अवसर BICTE विषय पढ्ने विद्यार्थीहरुले पाउने गर्दछन् त्यतिमात्र नभएर लोकसेवा, शिक्षकसेवा, उद्योग, बैंक, कलकारखानामा IT Export भएर काम गर्न सकिन्छ भन्दै BICTE विषय पढ्ने विद्यार्थीहरुलाई उत्प्रेरणा प्रदान गर्नुभयो।

सोही अवसरमा प्रमुख अतिथि त्रि. वि. व्यवस्थापन संकायका डीन प्रा.डा. डिल्लीराज शर्माले यस महाकवि देवकोटा क्याम्पसबाट अन्य क्याम्पसहरुले धेरै कुराहरु सिक्नु पर्ने विचार राख्दै त्रि.वि.ले सम्बन्धन दिएका सेमेष्टरका कार्यक्रमहरु सफलताका साथ संचालन गरेकोमा धन्यवाद दिँदै क्याम्पसलाई आवश्यक पर्ने सहयोग गर्न व्यवस्थापन संकाय केन्द्रीय विभाग तयार रहेको विचार व्यक्त गर्नु भयो । समापन मन्तव्यको क्रममा सभाध्यक्ष लामिछानेले यो कार्यक्रममा नेपालकै उच्च बौद्धिक व्यक्तित्वहरुको उपस्थिति रहेको हुनाले आफूहरु निकै हर्षित भएको भन्दै कार्यक्रमको गरिमा बढाउन उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुलाई धन्यवाद व्यक्त गर्नु भयो । कार्यक्रममा क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको स्वागत मन्तव्य र शिक्षक हरिदत्त शर्माको संचालन रहेको थियो।

## जनचेतना कार्यक्रम....

कार्यक्रममा डा. रजत कायस्थ प्रमुख प्रशिक्षक रहनु भएको थियो । उक्त कार्यक्रममा आम्दा अस्पताल बुटवलका मेडिकल सुपरिटेन्डेन्ट डा. राजेन्द्र प्रसाद बस्याल, मेडिटेक इन्टरनेशनल एकेडेमीका क्या.प्र.अनिता थापा लगायतको सहभागिता रहेको सो कार्यक्रममा करिव १५० जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा डा. रजत कायस्थले महिलाहरुमा लाग्ने विभिन्न किसिमका रोगहरुका साथै त्यस्ता रोगहरुबाट कसरी बच्न सकिन्छ भन्ने बारेमा स्पष्ट पार्नुभएको थियो साथै डा. कायस्थले मृगौलामा देखिने विभिन्न किसिमका समस्या र त्यस्ता समस्या न्यूनिकरण गर्ने उपायहरु स्पष्ट पार्नु भएको थियो।



# रोपाइँ विशेष कार्यक्रम सम्पन्न

महाकवि देवकोटा क्याम्पस अन्तर्गतको अतिरिक्त क्रियाकलाप शाखाको आयोजनामा मिति २०७९/०३/१५ गते राष्ट्रिय धानबाली दिवसको अवसरमा रोपाइँ विशेष कार्यक्रम सम्पन्न भएको छ।

महाकवि देवकोटा क्याम्पसका क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछाने प्रमुख अतिथि रहनुभएको सो कार्यक्रममा सहायक क्याम्पस प्रमुख प्रकाश जि.सी., अतिरिक्त क्रियाकलाप शाखा संयोजक सुलोचना अर्याल, यसै क्याम्पस अन्तर्गत विभिन्न विषय अध्यापन गर्ने शिक्षक शिक्षिका साथै BBA, BICTE मा अध्ययनरत विद्यार्थी गरी ८५ जनाको सहभागिता रहेको थियो।

सैद्धान्तिक ज्ञानले मात्र जीवनमा सफल हुन नसकिने तथ्य मध्यनजर गर्दै विद्यार्थीहरुलाई व्यवहारिक ज्ञानदिने उद्धेश्यले कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा विद्यार्थीहरुले रोपाइँसंग सम्बन्धित सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए।

नेपाल एक कृषि प्रधान राष्ट्र भएको र कृषि नै देश विकासको मेरुदण्ड भएको हुनाले कृषि क्षेत्रको विकास होस्, सबैले कृषिको सम्मान गरुन् भन्ने उद्धेश्यले विद्यार्थीहरुलाई धान रोप्न लगाइएको थियो। अन्त्यमा नेपाली संस्कृतिको जर्गेना गर्ने उद्धेश्यले दही चिउरा खुवाएर कार्यक्रम समापन गरिएको थियो।

# M.Ed. संचालनार्थ सम्भाव्यता अध्ययन

महाकवि देवकोटा क्याम्पस वि.सं.२०६० सालमा स्थापना भएको सामुदायिक स्तरमा संचालित QAA प्रमाणपत्र प्राप्त गर्न सफल क्याम्पस हो । महाकवि देवकोटा क्याम्पस रहेको सुनवल नगरपालिका र यस वरिपरिका नगर तथा गाउँपालिकाहरुमा शिक्षाशास्त्र संकायको स्नातकोत्तर संचालन भएको अर्को क्याम्पस नभएको हुनाले स्नातकोत्तर अध्ययन गर्न चाहने विद्यार्थीहरु टाढा टाढा गएर धेरै समस्या भोगी रहेको अवस्थालाई दृष्टिगत गरी उनीहरुको मागलाई मध्यनजर गर्दै क्याम्पसले शिक्षाशास्त्र संकायको M.Ed संचालन अनुमति पाऊँ भनी प्रस्तावना पेश गरेको थियो । सोही प्रस्तावनालाई आधार मानी



त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायका सह प्राध्यापक डा. माधव प्रसाद श्रेष्ठको संयोजकत्वमा, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायकै सह प्राध्यापक डिल्लीराज भट्टराई सदस्य रहनुभएको अध्ययन टोली मिति २०७९/०३/०९ गतेका दिन क्याम्पसमा उपस्थित भई स्थलगत अध्ययन सम्पन्न भएको छ। सो अवसरमा सुनवल नगरपालिकाका नवनिर्वाचित नगरप्रमुख विमला अर्याल, क्याम्पस संचालक समितिका अध्यक्ष कृष्ण प्रसाद लामिछाने, निवर्तमान अध्यक्ष विष्णु प्रसाद पौडेल, क्याम्पस संरक्षक उमानाथ पोखरेल, क्याम्पस संचालक समिति सदस्य गोपाल प्रसाद शर्मा , शालिकराम सापकोटा साथै क्याम्पसका शिक्षक तथा कर्मचारीहरुको सहभागिता रहेको थियो।

उक्त अवसरमा नगर प्रमुख अर्यालले क्याम्पसको लागि मात्र नभएर यस क्षेत्रकै शैक्षिक उन्नयनको लागि M.Ed. को सम्बन्धन निकै अवश्यक रहेको भन्दै आफू स्वयम् क्याम्पस संचालक समितिको सदस्य रहेको र भवन निर्माण संयोजक समेत भएर काम गरेको हुनाले नगरपालिकाको तर्फबाट क्याम्पसलाई आवश्यक पर्ने सहयोग गर्न आफू तयार रहेको विचार व्यक्त गर्नु भयो । उक्त समयमा सम्बन्धित शाखाका संयोजकहरुद्वारा अनुगमन टोलीबाट सोधिएका प्रश्नहरुको जवाफ दिइएको थियो।

# हाजिरी जवाफ प्रतियोगिता सम्पन्न



मिति २०७९/०४/१२ गतेका दिन महाकवि देवकोटा क्याम्पस अन्तर्गतको अतिरिक्त क्रियाकलाप शाखाको आयोजनामा यसै क्याम्पसको BBA र BICTE अध्ययन गर्ने विद्यार्थीहरुको सहभागितामा हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ।

BBA तेस्रो सेमेस्टरमा अध्ययनरत छात्रा प्रकृति शाहीको अध्यक्षता, महाकवि देवकोटा क्याम्पसका क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको सो कार्यक्रममा सहायक क्याम्पस प्रमुख प्रकाश जि.सी., BBA/BICTE Planner पिताम्बर सापकोटा, अतिरिक्त क्रियाकलाप शाखा संयोजक सुलोचना अर्याल साथै BBA र BICTE अध्ययनरत विद्यार्थीहरु गरी ७५ बढीको सहभागिता रहेको थियो । प्रतियोगितामा माछापुछ्रे, मकालु, कञ्चनजङ्घा, सगरमाथा, अन्नपूर्ण गरी पाँच समुहको प्रतिस्पर्धा रहेको थियो। कार्यक्रममा General Round, Audio and Visual Round संचालन गरिएको थियो।

उक्त प्रतियोगितामा १९ अङ्क सहित कञ्चनजङ्घा समुह प्रथम, १७ अङ्क सहित सगरमाथा समुह द्वितीय साथै १२ अङ्क सहित माछापुछ्रे समूह तृतीय भएका थिए। कार्यक्रमा प्रमुख अतिथि नारायणप्रसाद ढकालले यस्ता अतिरिक्त क्रियाकलापले विद्यार्थीहरुको ज्ञानको दायरा फराकिलो हुनुका साथै विभिन्न किसिमका आयोगहरुको तयारी गर्न पनि सजिलो हुने विचार राख्नुभयो।

उक्त प्रतियोगितामा BBA र BICTE प्रथम सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरुले कार्यक्रम निकै फलदायी भएको विचार व्यक्त गरे । कार्यक्रमका सभाध्यक्ष प्रकृति शाहीले महाकवि देवकोटा क्याम्पसले यस्ता अतिरिक्त क्रियाकलाप संचालन गरेर विद्यार्थीहरुको अन्तरनिहित क्षमता वृद्धिमा महत्वपूर्ण योगदान पुर्याएकोमा हार्दिक धन्यवाद व्यक्त गर्नुभयो। कार्यक्रमको संचालन शिक्षक हरिदत्त शर्माले गर्नुभएको थियो।

# FIELD VISIT सम्पन्न

मिति २०७९/०४/१३ गतेका दिन महाकवि देवकोटा क्याम्पसको BBA/BICTE अध्ययनरत विद्यार्थीहरुको प्रयोगात्मक कार्य अन्तर्गतको Field Visit सम्पन्न भएको छ। BBA, BICTE अध्ययन गर्ने विद्यार्थीहरुलाई प्रयोगात्मक ज्ञान दिने उद्धेश्यले रुपन्देही जिल्लाको छपिया माछा फार्मको स्थलगत अध्ययन गराइएको थियो । स्थलगत अध्ययनको क्रममा माछा फार्मका प्रवन्धकसंग विविध विषयमा छलफल गरिएको




थियो। सो समयमा विद्यार्थीहरुलाई विभिन्न १२ समूहमा विभाजन गरेर अध्ययन गराइएको थियो । फर्मका प्रबन्धकले विद्यार्थीहरुद्वारा सोधिएका प्रश्नहरुको जवाफ दिनुभएको थियो । BBA/ BICTE अध्ययन गर्ने ६३ जना विद्यार्थीहरुको सहभागिता रहेको उक्त कार्यक्रममा Field Visit मा जाँदा विद्यार्थीहरुले गर्नुपर्ने अध्ययनका बारेमा शिक्षक पिताम्बर सापकोटाले स्पष्ट पार्नुभएको थियो । कार्यक्रममा BICTE अध्ययन गर्ने विद्यार्थीहरुले फर्ममा प्रयोग भएको Technology को अध्ययन गरेका थिए । उक्त कार्यक्रममा शिक्षक हरिदत्त शर्मा र विजय अधिकारीको समेत सहभागिता रहेको थियो।

# Teaching License Exam Orientation Programme सम्पन्न




मिति २०७९/०४/१७ गते मंगलबारका दिन महाकवि देवकोटा क्याम्पस अन्तर्गत अतिरिक्त क्रियाकलाप शाखा र विद्यार्थी परामर्श शाखाको संयुक्त आयोजनामा एकदिने Teaching License Exam Orientation Programme सम्पन्न भएको छ।

महाकवि देवकोटा क्याम्पसका क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको अध्यक्षता, यसै क्याम्पसका संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको प्रमुख आतिथ्यता साथै जिल्ला शिक्षा समन्वय इकाइ नवलपरासीका निमित्त इकाइ प्रमुख सुदिप गिरीको प्रशिक्षकत्वमा सम्पन्न भएको उक्त कार्यक्रममा सहायक क्याम्पस प्रमुख, विभागीय प्रमुख, शिक्षक शिक्षिका साथै शिक्षाशास्त्र संकाय स्नातक तहका विद्यार्थीहरुको सहभागिता रहेको थियो। शिक्षक सेवा आयोगद्वारा यही मिति २०७९/०४/२८ गते संचालन गर्न लागिएको नि.मा.वि. स्तरको अध्यापन अनुमति पत्रको परीक्षालाई लक्षित गरी कार्यक्रमको आयोजना गरिएको थियो। यस क्याम्पसबाट अध्यापन अनुमति पत्रको परीक्षामा सहभागिता जनाउने विद्यार्थीहरुले परीक्षामा सफलता प्राप्त गर्न सकून् भन्ने उद्धेश्यले कार्यक्रमको आयोजना गरिएको विद्यार्थी परामर्श शाखाका संयोजक शिक्षक सूर्य प्रसाद ढकालले जानकारी दिनुभयो।

उक्त अवसरमा निमित्त इकाइ प्रमुख गिरीले अध्यापन अनुमति पत्र परीक्षा तयारी गर्दा ध्यान दिनु पर्ने विषयमा प्रष्ट पार्नुभएको थियो। परीक्षा तयारी गर्दा विषयवस्तुको तयारीमात्र नभएर शारीरिक तथा मनोवैज्ञानिक तयारी पनि हुनुपर्ने भन्दै उत्तर लेख्ने तरिका, समयको व्यवस्थापन साथै उत्तर पुस्तिकामा भर्नुपर्ने सूचना र भर्ने तरिकाका बारेमा स्पष्ट पार्नुभएको थियो। कार्यक्रममा आफ्नो मन्तव्य प्रस्तुत गर्दै प्रमुख अतिथि अध्यक्ष लामिछानेले आजको कार्यक्रमले विद्यार्थीहरुलाई परीक्षा तयारी गर्ने उपायहरु सिकाएको हुनाले सम्पूर्ण विद्यार्थीहरु अध्यापन अनुमति पत्रको परीक्षामा सफल हुने विचार व्यक्त गर्नुभयो।

कार्यक्रमको समापन गर्दै सभाध्यक्ष क्याम्पस प्रमुख ढकालले विद्यार्थीहरुको चौतर्फी विकासमा क्याम्पसले हातेमालो गरिरहेको तर्फ संकेत गर्दै त्यसको लागि विद्यार्थीहरु पनि सक्रियतापूर्वक लाग्नु पर्ने विचार व्यक्त गर्नुभयो। सो कार्यक्रमको संचालन शिक्षक हरिदत्त शर्माले गर्नुभएको थियो।

# Data Analysis तालिम सम्पन्न




मिति २०७९/०४/२० गतेका दिन महाकवि देवकोटा क्याम्पस अन्तर्गतको अनुसन्धान शाखाको आयोजनामा यसै क्याम्पसको सभाहलमा दुईदिने Data Analysis तालिम सम्पन्न भएको छ। महाकवि देवकोटा क्याम्पस अनुसन्धान शाखाका संयोजक विकास रानाको अध्यक्षता, महाकवि देवकोटा क्याम्पसका क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको प्रमुख आतिथ्यता, बुटवल बहुमुखी क्याम्पसका उप प्राध्यापक प्रमो उदयको प्रमुख प्रशिक्षकत्मा सम्पन्न भएको उक्त तालिममा सहायक क्याम्पस प्रमुख, विभागिय प्रमुख, शिक्षक शिक्षिकाहरुको सहभागिता रहेको थियो। उक्त तालिममा प्रमुख प्रशिक्षक प्रमो उदयले अनुसन्धान कार्य गर्दा संकलन गरिएको तथ्याङ्क विश्लेषण गर्ने तरिका स्पष्ट पार्नुभएको थियो। सो कार्यक्रममा Quantitative अनुसन्धान कार्य गर्दा Data Analysis को क्रममा प्रयोग गरिने SPSS को प्रयोगको तरिकाका बारेमा स्पष्ट पारिएको थियो। Data Analysis तालिमको अवसरमा विभिन्न शिक्षकहरुद्वारा सोधिएका प्रश्नको जवाफ प्रमुख प्रशिक्षकले दिनुभएको थियो।

तालिममा प्रमुख अतिथि क्याम्पस प्रमुख ढकालले महाकवि देवकोटा क्याम्पसले शिक्षकहरुको वृत्ति विकासको लागि समय समयमा विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको तर्फ सङ्केत गर्दै अनुसन्धान बिनाको शिक्षा वर्तमान समयमा समायोजन हुन नसक्ने हुनाले शिक्षकहरुलाई तालिम संचालन गरिएको विचार व्यक्त गर्नुभयो।